सुनवल नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

प्रस्तावना

सुनवल नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुनवल नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुनवल नगरपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ।
   (२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि सुनवल नगरपालिकामा लागू हुनेछ।

२. **सम्पत्ति कर तथा भूमिकर (मालपोत)ः** सुनवल नगरपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिम सम्पत्ति कर तथा भूमिकर (मालपोत) लगाइनेछ।

३. **घर जग्गा वहाल करः** सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-२ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

४. **व्यवसाय करः** सुनवल नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची-३ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** सुनवल नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-४ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

६. **सवारी साधन करः** सुनवल नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-५ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

७. **विज्ञापन करः** सुनवल नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-६ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **मनोरञ्जन करः** सुनवल नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश कानुनमा व्यवस्था भए बमोजिम मनोरञ्जन कर लाग्नेछ।

९. **बहाल बिटौरी शुल्कः** सुनवल नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची-७ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **पार्किङ शुल्कः** सुनवल नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-८ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **सेवा शुल्क, दस्तुरः** सुनवल नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **कर छुटः** (१) यस ऐन बमोजिम कर छुट सम्बन्धी देहायमा भएको व्यवस्था बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

(क) आ.व. २०८२/८३ का लागि कुनै व्यक्ति, संघ संस्थाले असोज मसान्त भित्र आफ्नो सम्पत्तिकर, भूमिकर (मालपोत) र व्यवसाय कर बुझाउन आएमा लाग्ने कर रकमको १० प्रतिशत छुट दिईने छ।

(ख) आय ठेक्काको सम्पूर्ण रकम ठेकेदारले सम्झौताका बखत एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिन सकिनेछ। तर यसरी छुट प्रदान गर्दा न्यूनतम् ठेक्का रकम भन्दा कम हुने गरी छुट दिइनेछैन।

(ग) कुनै क्षेत्र तोकी नेपाल सरकारले संकटकाल घोषणा गरेको खण्डमा संकटकाल घोषणा गरेको क्षेत्रसँग सम्बन्धित उद्योग, व्यवसायमा नेपाल सरकारले तोकेमा सोहि बमोजिम वा नगर कार्यपालिकाको निर्णय बमोजिम कर छुट दिन सकिनेछ।

(घ) महामारी, दैवी प्रकोप वा प्राकृतिक विपत्ति परेको भनी राष्ट्रिय रुपमा घोषणा गरेमा वा सुनवल नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्राकृतिक विपत्ति घोषणा गरेको खण्डमा विपत्तिबाट प्रभाव परेको व्यवसायिक क्षेत्रमा विपत्ति अवधिसम्मको लागि कार्यपालिकाको निर्णय बमोजिम कर छुट दिन सकिनेछ।

(ङ) नदिजन्य पदार्थको ठेक्का बन्दोबस्तीको शिलशिलामा दैवी प्रकोप वा नगरपालिकाले नै रोक लगाइएको अवस्थामा परिमाण यकिन गरी छुट दिन सकिने छ तथा हाटबजार व्यवस्थापनमा नगरपालिकाले कुनै प्रकारले रोक लगाएमा रोक लगाएको अवधिसम्मको क्षति यकिन गरी छुट दिन सकिनेछ।

(च) कर छुट सम्बन्धी अन्य व्यवस्था स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा नगर कार्यपालिकाले निर्णय गरी सोको लगत्तै बस्ने नगर सभाको बैठकले अनुमोदन गरेबमोजिम हुनेछ।

(छ) नगरपालिकाले निर्माण गरेका व्यवसायिक सटर भाडाको नयाँ सम्झौता गर्दा प्रत्येक २ वर्षमा १०% भाडा रकम वृद्धि हुने व्यवस्था गरिनेछ।

(ज) कम्पनी रजिष्ट्रार, घरेलु तथा साना उद्योग कार्यालय र नगरपालिकामा दर्ता भई सञ्चालनमा रहि व्यवसाय कर नतिरेका उद्योग तथा वाणिज्य तर्फका व्यवसायहरुलाई २०८२ फागुन मसान्तसम्म व्यवसाय करमा लाग्ने जरिवाना रकम छुट दिइनेछ।

(झ) कम्पनी रजिष्ट्रार, घरेलु तथा साना उद्योग कार्यालय वा अन्य निकायमा दर्ता भएका उद्योग तथा वाणिज्य तर्फका फर्म, कम्पनी तथा व्यवसायिक प्रतिष्ठानहरुले लगत कट्टा वा नवीकरण गर्दा अनिवार्य रुपमा व्यवसाय कर यसै ऐन बमोजिम तिर्नुपर्नेछ।

(ञ) आ.व. २०७६/७७ भन्दा अघि दर्ता गरी व्यवसाय सञ्चालन गरेका तर नगरपालिकामा दर्ता नभएका कम्पनी तथा प्राइभेट फर्महरुलाई आ.व. २०८०/०८१ पछिको मात्र व्यवसाय कर लिइनेछ।

(ट) तत्कालीन गाउँ विकास समिति र नगरपालिकाको वडामा व्यवसाय दर्ता भई स्थायी लेखा नम्बर नलिएका व्यवसायहरुको आ.व. २०७४/७५ देखि जरिवाना बाहेकको व्यवसाय कर लिई व्यवसाय बन्द गर्न चाहेमा प्राइभेट फर्म दर्ता गर्न प्रोत्साहन गर्दै व्यवसाय बन्द गरिनेछ।

(ठ) हाटबजारको बहाल बिटौरी करमा स्थानीय व्यवसायीहरुलाई १० प्रतिशत छुट हुनेछ। अपाङ्गता भएका स्थानीय व्यक्तिको हकमा यो करमा छुट हुनेछ।

१३. **रोयल्टी रकमः** सामुदायिक वन तथा नदिजन्य पदार्थको रोयल्टी रकम अनुसूची-११ बमोजिम हुनेछ।

१४. **दण्ड जरिवानाः** (१) नदीजन्य पदार्थ चोरी निकासी गर्ने सवारी साधन धनिलाई अनुसूची-१२ बमोजिम जरीवाना गरिनेछ। उक्त जरीवानाको १० प्रतिशतले हुनआउने रकम पक्राउ गरी बुझाउनेलाई प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ। साथै सुनवल नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्कीङ्ग वा व्यापार वा फोहरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई कार्यपालिकाले तोके बमोजिम दण्ड जरीवाना गरिनेछ।

(२) सुनवल नगरपालिकामा ईजाजतबिना निर्माण गरिएका पुराना संरचनाहरुको नक्सा ईजाजत अद्यावधिक गर्ने कार्य नगर कार्यपालिकाले तोकेको समयावधी भित्र अनुसूची-९ मा उल्लेखित नक्सापास दस्तुरको शतप्रतिशत जरिवाना सहित (आवास प्रयोजनको लागि प्रति वर्गफिट रु. १०/-, औद्योगिक/व्यवसायिक प्रयोजनको लागि प्रति वर्गफिट रु.१२/-, ट्रसको लागि प्रति वर्गफिट रु. ६/-) दस्तुर लिइनेछ। नगरपालिकाले तोकेको समयावधी बाहेकको समयमा अद्यावधिक गर्दा समयावधी भित्र लाग्ने दस्तुरको दोब्बर रकम (आवास प्रयोजनको लागि प्रति वर्गफिट रु. २०/-, औद्योगिक/व्यवसायिक प्रयोजनको लागि प्रति वर्गफिट रु. २४/-, ट्रसको लागि प्रति वर्गफिट रु. १२/-) लाग्नेछ।

(३) सम्पत्तिकर र भूमिकर (मालपोत) मा प्रत्येक वर्षको बक्यौता रकममा थप १० प्रतिशत जरिवाना लाग्नेछ।

(४) व्यवसाय कर १ वर्ष सम्म बुझाउन विलम्ब गरेमा १०%, २ वर्षसम्म २०%, ३ देखि ५ वर्ष भित्र ५०% र ५ वर्ष भन्दा माथी प्रत्येक वर्ष शतप्रतिशत जरिवाना लाग्नेछ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि सुनवल नगरपालिकाले तोके अनुसार हुनेछ।

(अनुसूचीहरू)

अनुसूची-१

(ऐनको दफा २ सँग सम्बन्धित)

सम्पत्ति कर तथा भूमीकर (मालपोत)

(क) सम्पत्ति कर

(१) सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछ।

(२) "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

(३) सम्पत्ति करमा प्रत्येक वर्षको बक्यौता रकममा थप १० प्रतिशत जरिवाना लाग्नेछ।

(४) सम्पत्ति करको मूल्यांकन गर्दा संरचनाको ह्रासकट्टी गरी बाँकी हुन आउने मूल्यांकनलाई आधार बनाइनेछ। यसरी ह्रासकट्टी गर्दा संरचनाको दश प्रतिशत मूल्यलाई शेष मूल्य कायम राखी नब्बे प्रतिशतसम्म ह्रास कट्टा गरिनेछ।

(अ) नगरपालिका भित्रका संरचनाको मुल्याङ्कन निम्न बमोजिम गरिनेछः

सम्पत्ति मूल्यांकन दर निर्धारणको आधार											
क्षेत्र		**संरचना प्रतिवर्ग फिट रु.**									
		RCC फ्रेम स्ट्रक्चर		**सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो RCC छाना**		**माटोको जोडाईमा इट्टाको गारो वा सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना**		**कच्चा जोडाईमा टिन, टायल, फुस वा झींगटीको छाना**		**टहरा वा सेड (छाना मात्र भएको)**	
		व्यापारिक, औद्योगिक तथा संस्थागत	**बसोबास**	**व्यापारिक, औद्योगिक तथा संस्थागत**	**बसोबास**	**व्यापारिक, औद्योगिक तथा संस्थागत**	**बसोबास**	**व्यापारिक, औद्योगिक तथा संस्थागत**	**बसोबास**	**व्यापारिक, औद्योगिक तथा संस्थागत**	**बसोबास**
क	**व्यापारिक क्षेत्र**	७९५	६४०	७२०	५८०	६५७	५३०	५९५	४८०	५३५	४३०

ख	**ग्रामिण आवासीय क्षेत्र**	७५०	६३५	६५०	५७५	५५०	५२५	५००	४७५	३५०	४२५
ग	**कृषि क्षेत्र**	७००	६००	६००	५००	५००	४००	४००	३००	३००	२००
ढुंगा वा इटाको पर्खाल प्रति रनिङ फिट रु. ५७५।००											
अस्थायी कच्ची घर एकमुष्ट रु. ८०००।००											

(आ) नगरपालिका भित्र निर्माण भएका संरचनाको ह्रास कट्टी निम्न बमोजिम गरिनेछः

संरचनाको आयु (वर्ष)	**संरचनाको किसिम (ह्रासकट्टी प्रतिशत)**				
	RCC फ्रेम स्ट्रक्चर	**सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो RCC छाना**	**माटोको जोडाईमा इट्टाको गारो वा सिमेन्टजोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्तायटायलको / छाना**	**कच्चा जोडाईमा टिन, टायल, फुस वा झींगटीको छाना**	**टहरा वा सेड छाना मात्र) (भएको**
१-३	६	९	१२	१५	२०
३-६	१२	१८	२४	३०	४०
६-९	१८	२७	३६	४५	६०
९-१२	२४	३६	४८	६०	८०
१२-१५	३०	४५	६०	७५	९०
१५-१८	३६	५४	७२	९०	९०
१८-२१	४२	६३	८४	९०	९०
२१-२४	४८	७२	९०	९०	९०
२४-२७	५४	८१	९०	९०	९०
२७-३०	६०	९०	९०	९०	९०
३०-३३	६६	९०	९०	९०	९०
३३-३६	७२	९०	९०	९०	९०

३६-४०	७८	९०	९०	९०	९०
४०-४३	८४	९०	९०	९०	९०
४३-४६	९०	९०	९०	९०	९०
४६ भन्दा माथी	९०	९०	९०	९०	९०

(ख) भूमीकर (मालपोत)

१. मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनलाई तोकेको जग्गाको न्युनतम् मूल्यांकनका आधारमा जग्गाको मूल्यांकन कायम गर्ने र सुनवल नगरपालिकाको पहाडी क्षेत्रमा रहेका महलपोखरी, टोक्लग्दी, गेरवादी, बिहारी र साविक धुरकोटको हकमा ५० हजार प्रति रोपनीका दरले जग्गाको मूल्यांकन कायम गरिनेछ।

२. सुनवल नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संघ संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको संरचनाले चर्चेको जग्गा बाहेकमा भूमीकर (मालपोत) लाग्नेछ।

३. सम्पत्तिकर तथा भूमिकर (मालपोत) बुझाउने कुनै करदाताले आफ्नो नाउँमा रहेको सम्पत्ति लुकाई वा खण्डिकरण गरी वा भौतिक संरचना नदेखाई सम्पत्ति मूल्याङ्कन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मूल्याङ्कनबाट लाग्ने कर रकममा साविकमा बुझाएको रकम घटाई बाँकी रहने रकममा १५ प्रतिशतले हुने थप रकम जरिवाना सहित असुल गरिनेछ।

४. पर्ति तथा ऐलानी जग्गा र सो जग्गामा बनेको घरको सम्पत्तिकर तथा भूमिकर (मालपोत) को हिसाबले आउने रकमलाई नै बहाल बिटौरी करको रुपमा असुली गरिनेछ।

५. बाटोमा जोडिएको कुनैपनि कित्ताको जग्गाको १०० फिट पछाडिसम्मका लागि बाटोमा जोडिएको जग्गाको मूल्यांकनका आधारमा मूल्यांकन गर्ने र १०० फिट भन्दा पछाडीको जग्गालाई अन्य कृषियोग्य जग्गाको दरमा बहुदर प्रणालीमा मूल्यांकन गरिनेछ।

६. सम्पत्ति कर र मालपोत कर छुट्टाछुट्टै रुपमा तपसिल बमोजिम मूल्यांकन रकममा तपसिल बमोजिमको दरमा लाग्नेछ।

क्र.सं.	**सम्पत्ति कर तथा भूमिकर (मालपोत) मूल्यांकन दर**	**आ.व. २०८१/०८२ को करको दर**	**आ.व. २०८२/०८३ को कायम करको दर**	**कैफियत**
१	४ लाख ५० हजार सम्म	१००	१००	(एकमुष्ठ)
२	४ लाख ५० हजार १ देखि ५ हजार ५०	१२५	१२५	"
३	५ लाख ५० हजार १ देखि ६	१५०	१५०	"

	लाख ५० हजार सम्म			
४	६ लाख ५० हजार १ देखि ७ लाख ५० हजार सम्म	१७५	१७५	“
५	७ लाख ५० हजार १ देखि १० लाख सम्म	२००	२००	“
६	१० लाख १ देखि ११ लाख ५० हजार सम्म	२२५	२२५	“
७	११ लाख ५० हजार १ देखि १२ लाख ५० हजार सम्मप	२५०	२५०	“
८	१२ लाख ५० हजार १ देखि १५ लाख सम्म	३००	३००	“
९	१५ लाख १ देखि १७ लाख ५० हजार सम्म	३५०	३५०	“
१०	१७ लाख ५० हजार १ देखि १८ लाख ५० हजार सम्म	३७५	३७५	“
११	१८ लाख ५० हजार १ देखि २० लाख सम्म	४००	४००	“
१२	२० लाख १ देखि २१ लाख ५० हजार सम्म	५००	५००	“
१३	२१ लाख ५० हजार १ देखि २३ लाख सम्म	६००	६००	“
१४	२३ लाख १ देखि २४ लाख ५० हजार सम्म	७००	७००	“
१५	२४ लाख ५० हजार १ देखि २६ लाख सम्म	८००	८००	“
१६	२६ लाख १ देखि २७ लाख ५० हजार सम्म	९००	९००	“

१७	२७ लाख ५० हजार १ देखि ३० लाख सम्म	१०००	१०००	"
१८	३० लाख १ देखि ३२ लाख ५० हजार सम्म	१२००	१२००	"
१९	३२ लाख ५० हजार १ देखि ३५ लाख सम्म	१२५०	१२५०	"
२०	३५ लाख १ देखि ३७ लाख ५० हजार सम्म	१३००	१३००	"
२१	३७ लाख ५० हजार १ देखि ४० लाख सम्म	१३५०	१३५०	"
२२	४० लाख १ देखि ४२ लाख ५० हजार सम्म	१४००	१४००	"
२३	४२ लाख ५० हजार १ देखि ४५ लाख सम्म	१४५०	१४५०	"
२४	४५ लाख १ देखि ४७ लाख ५० हजार सम्म	१५००	१५००	"
२५	४७ लाख ५० हजार १ देखि ५० लाख सम्म	१६००	१६००	"
२६	५० लाख १ देखि ५५ लाख सम्म	३५००	३५००	"
२७	५५ लाख १ देखि ६० लाख सम्म	३६००	३६००	"
२८	६० लाख १ देखि ६५ लाख सम्म	३७००	३७००	"
२९	६५ लाख १ देखि ७० लाख सम्म	३८००	३८००	"
३०	७० लाख १ देखि ७५ लाख	३९००	३९००	"

	सम्म			
३१	७५ लाख १ देखि ८० लाख सम्म	४०००	४०००	“
३२	८० लाख १ देखि ८५ लाख सम्म	४१००	४१००	“
३३	८५ लाख १ देखि ९० लाख सम्म	४२००	४२००	“
३४	९० लाख १ देखि ९५ लाख सम्म	४३००	४३००	“
३५	९५ लाख १ देखि १ करोड सम्म	५५००	५५००	“
३६	१ करोड १ देखि १ करोड ५ लाख सम्म	७५००	७५००	“
३७	१ करोड ५ लाख १ देखि १ करोड १० लाख सम्म	१०५००	१०५००	“
३८	१ करोड १० लाख १ देखि १ करोड १५ लाख सम्म	१२०००	१२०००	“
३९	१ करोड १५ लाख १ देखि १ करोड २० लाख सम्म	१२५००	१२५००	“
४०	१ करोड २० लाख १ देखि १ करोड ३० लाख सम्म	१३०००	१३०००	“
४१	१ करोड ३० लाख १ देखि १ करोड ४० लाख सम्म	१३५००	१३५००	“
४२	१ करोड ४० लाख १ देखि १ करोड ५० लाख सम्म	१४०००	१४०००	“
४३	१ करोड ५० लाख १ देखि १ करोड ७५ लाख सम्म	१४५००	१४५००	“

४४	१ करोड ७५ लाख १ देखि २ करोड सम्म	१५०००	१५०००	"
४५	२ करोड १ देखि २ करोड ५० लाख सम्म	२५०००	२५०००	"
४६	२ करोड ५० लाख १ देखि ३ करोड सम्म	२६०००	२६०००	"
४७	३ करोड १ देखि ३ करोड ५० लाख सम्म	२८०००	२८०००	"
४८	३ करोड ५० लाख १ देखि ४ करोड सम्म	३००००	३००००	"
४९	४ करोड १ देखि ४ करोड ५० लाख सम्म	३२०००	३२०००	"
५०	४ करोड ५० लाख १ देखि ५ करोड सम्म	३५०००	३५०००	"
५१	५ करोड १ देखि माथिका मुल्यांकनमा	प्रति करोडमा रु ३ हजार थप	प्रति करोडमा रु ३ हजार थप	"

देहायको जग्गा र संरचनामा सम्पत्तिकर तथा भूमीकर (मालपोत) लाग्ने छैनः

क. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारको स्वामित्वमा रहेको घर र जग्गा।

ख. सरकारी अस्पातालको भवन र जग्गा।

ग. गुठीको स्वामित्वमा रहेको जग्गा।

घ. सरकारी शिक्षण संस्था र अन्य सरकारी निकायको स्वामित्वमा रहेको भवन र जग्गा।

ङ. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को भवन र जग्गा।

च. खानेपानी संकलन पोखरी, हवाई मैदान, विद्युत उत्पादन गृह, मसानघाट, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु।

छ. राजदूतावास, बाणिज्य नियोग, कुटनैतिक नियोगका भवन र जग्गा।

अनुसूची-२

(ऐनको दफा ३ सँग सम्बन्धित)

घर जग्गा बहाल कर

१. सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै व्यक्ति वा संघ संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छुप्पर), कारखाना, कोठा, सटर, गल्ली, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको वार्षिक १० प्रतिशत सम्बन्धित धनीबाट बहाल कर लिईने छ।

२. सुनवल नगरपालिका क्षेत्रभित्रका घर जग्गा बहालमा लगाईएका धनीले बहाल करका लागि पेश गरेको सम्झौतामा न्यूनतम बहाल दर भन्दा बढी भएमा सोही बमोजिम र न्यूनतम दर भन्दा कम भएमा देहायमा उल्लेखित दरलाई आधार मानिनेछ। सुनवल नगरपालिका क्षेत्रभित्र बनेका भौतिक संरचना, घरको सटर, कोठाहरुको बहाल कर असुली प्रयोजनका लागि न्यूनतम मासिक बहाल दर देहाय बमोजिम कायम गरिएको छ।

क्र.सं.	विवरण	आ.व. २०८१/८२ को दर	आ.व. २०८२/८३ मा कायम दर	कैफियत
१	सुनवल चोकदेखि ३०० मि. दाँयाबाँयाका सटर	६,०००	६,०००	
२	सुनवल चोकदेखि ३०० मि. बाहिर बनकट्टी सम्मका सटर (राजमार्ग)	४,०००	४,०००	
३	बनकट्टी बजार क्षेत्रका सटर	५,०००	५,०००	
४	बडेरा चोक राजमार्गदेखि ३०० मि. भित्र दाँयाबाँयाका सटर	५,०००	५,०००	
५	भूमही बजार (भूमही पुलदेखि ग्यारेजसम्म) राजमार्गदेखि ३०० मि. भित्र उत्तर तर्फका सटर	६,०००	६,०००	
६	भूमही बजार (भूमही पुलदेखि ग्यारेजसम्म) राजमार्गदेखि ३०० मि. भित्र दक्षिण तर्फका सटर	५,०००	५,०००	
७	भूमही ग्यारेजदेखि हरकट्टा पुलसम्म राजमार्गमा पर्ने सटर	४,०००	४,०००	

८	ज्यामिरे चोकदेखि अस्नैया चोकसम्मका सटर	४,०००	४,०००	
९	सुनवल चोकदेखि ३०० मि. बाहिरदेखि सुनवल नगरपालिकाको सिमानासम्म (टंक प्रसाद आचार्य मार्ग) का सटर	२,०००	२,०००	
१०	मिनि मार्केट तथा अन्य व्यवसायिक सटर	३,०००	३,०००	
११	ग्रामिण क्षेत्रका व्यवसायिक सटर	२,०००	२,०००	
१२	आवासीय सटर/कोठा	१,०००	१,०००	

अनुसूची-३

(ऐनको दफा ४ सँग सम्बन्धित)

व्यवसाय कर

१. सुनवल नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहनेले व्यवसाय दर्ता गरी ईजाजत लिनु पर्नेछ।

२. नगरपालिकाको ईजाजत बिना व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

३. नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्दा व्यवसायीले वार्षिक रुपमा देहाय बमोजिमको व्यवसाय कर बुझाउनु पर्ने छ। वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी हरेक आर्थिक वर्षमा आफ्नो व्यापार, व्यवसाय तथा सेवालाई नविकरण गर्नु पर्नेछ।

४. यस अनुसूचीको प्रयोजनका लागि "पुँजी" भन्नाले कम्पनीको हकमा चुक्ता पुँजी र अन्यको हकमा कुल पूँजी सम्झनुपर्छ।

व्यवसाय करको दर:

(क) पुँजी खुल्ने व्यवसायको हकमा

क्र.सं.	कुल पूँजी	वार्षिक कर (रुपैयाँ)	कैफियत
१	रु १ देखि ५ लाख सम्म	रु १०००/-	
२	रु ५ लाखभन्दामाथि देखि १० लाख सम्म	रु १५००/-	
३	रु १० लाखभन्दामाथि देखि २० लाख सम्म	रु २०००/-	
४	रु २० लाखभन्दामाथि देखि ५० लाख सम्म	रु ३०००/-	
५	रु ५० लाखभन्दामाथि देखि १ करोड सम्म	रु ५०००/-	

६	रु १ करोड भन्दामाथि देखि २ करोड सम्म	रु १००००/-	
७	रु २ करोड भन्दामाथि देखि ४ करोड सम्म	रु २०,०००/-	
८	रु ४ करोड भन्दामाथि देखि ६ करोड सम्म	रु ३०,०००/-	
९	रु ६ करोड भन्दामाथि	प्रति करोड रु ७०००/- (एकमुष्ठ)	
१०	तर यस ऐनमा माथि जुन सुकै कुरा उल्लेख भए तापनि यस नगरपालिका भित्र सञ्चालन भएका र नयाँ रजिष्ट्रेशन हुने कृषि फर्म/व्यवसाय तथा कम्पनीको हकमा एकमुष्ट १०००।- एक हजार मात्र व्यवसाय कर लिइने छ।		

फर्म/ व्यवसायले भुक्तानी गर्नुपर्ने अन्य दस्तुर

क्र.सं.	विवरण	दस्तुर (रुपैयाँ)	कैफियत
१	फर्म दर्ता/ नवीकरण दस्तुर (५ लाख सम्म पूँजी हुने प्राइभेट फर्म)	प्रदेश कानून बमोजिम	
२	अन्य निकायमा दर्ता भई सुनवल नगरपालिका क्षेत्रभित्र आर्थिक कारोबार गर्ने सबै उद्योग, वाणिज्य तथा सेवा व्यवसायीको व्यवसाय कर प्रयोजनका लागि सूचिकृत दस्तुर (प्रमाणपत्र सहित)	रु. ३००/-	
३	व्यवसाय प्रमाणपत्र प्रतिलिपी दस्तुर	५००/-	
४	व्यवसाय लगत कट्टा	२००/-	

(ख) पुँजि नखुल्ने सेवा तथा व्यवसायको हकमा।

१. बैंक तथा वित्तीय संस्था

क्र.सं.	विवरण	आ.व. २०८१/८२ को दर	आ.व. २०८२/८३ को कायम दर	कैफियत
१	क वर्गः वाणिज्य बैंक	७७०००	९९०००	

२	ख वर्गः विकास बैंक	६६०००	८८०००	
३	ग वर्गः फाइनान्स कम्पनी		६६०००	
४	घ वर्गः लघुवित्त कम्पनी	२२०००	४४०००	
५	बिमा कम्पनी	२२०००	३३०००	
६	सटही काउन्टर	७८००	७८००	
७	सहकारी / सहकारी बैक - १५ करोड भन्दा माथि पुँजी भएको	११०००	२५०००	
६	सहकारी / सहकारी बैक - ५ करोड देखि १५ करोड सम्म पुँजी भएको	७८००	२००००	
७	सहकारी / सहकारी बैक - ५ करोड भन्दा कम पुँजी भएको	५५००	१५०००	
८	मनि ट्रान्सफर	५५००	६५००	सहकारी संस्थाले मनि ट्रन्सफरको सेवा प्रदान गरेमा यो कर थप लाग्नेछ।
९	सेवा केन्द्र/एक्सटेन्सन काउन्टर		व्यवसाय करको आधा रकम	

अनुसुची-४

(ऐनको दफा ५ सँग सम्बन्धित)

जडिबुटी, कवाडी, जीवजन्तु करको दर

(क) धातुका टुक्राहरु र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरुमा निम्न बमोजिमको दर कायम गर्ने।

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	दर (मू.अ. कर बाहेक)	कैफियत
१	फलाम	प्रति के.जी.	रु. १.५	
२	फलाम मिश्रित पुनःप्रयोग हुने औद्योगिक अवशेष	प्रति के.जी.	रु. ०.१०	

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	दर (मू.अ. कर बाहेक)	कैफियत
३	अन्य धातु (पित्तल, तामा आदि)	प्रति के.जी.	रु. २.५	
४	थोत्रिएर काम नलाग्ने मेसिनरी औजार	प्रति के.जी.	रु. २.५	
५	पोलिथिन पाइपका टुक्रा	प्रति के.जी.	रु. २.५	
६	सिसा (लिड) को धुलो वा टुक्रा	प्रति के.जी.	रु. ३.५	
७	काँचको धुलो र टुक्रा	प्रति के.जी.	रु. १.५	

(ख) प्रचलित कानूनले निषेधित गरे बाहेकका पंछिहरुको प्वाँख तथा मरेका वा मारिएका पशुको हाड, सिंग, खुर तथा छालामा निम्न बमोजिम कर लाग्नेछ।

सि.नं.	राजश्वकोक्षेत्रहरु	इकाई	दर (मू.अ. कर बाहेक)	कैफियत
१	पंक्षीहरुका प्वाँख	प्रति किलोग्राम	रु. २	
२	हाड	प्रति किलोग्राम	रु. १	
३	सिंग	प्रति किलोग्राम	रु. २	
४	खुर	प्रति किलोग्राम	रु. २	
५	छाला ठूलो	प्रतिगोटा	रु. ३०	
६	छाला सानो	प्रतिगोटा	रु. १५	

(ग) अन्य कवाडी मालसामान

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	दर (मू.अ. कर बाहेक)	कै
१	खाली सीसी (वियर) बोतल	प्रति गोटा	रु. १.५	
२	खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि	प्रति गोटा	रु. १.५	
३	खाली सीसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल	प्रति गोटा	रु. १.५	
४	प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन आदि)	प्रति के.जी	रु. १.५	

सि.नं.	राजश्वको क्षेत्रहरु	इकाई	दर (मू.अ. कर बाहेक)	कै
५	टायर/ट्युव	प्रति के.जी	रु. २.५	
६	**खाली बोराः**			
क	५० के.जी सम्म खाध्यान्न अट्ने प्लाष्टिकका बोरा	प्रति गोटा	रु. १.५	
ख	५० के.जी. सम्म खाध्यान्न अट्ने जुटका बोरा	प्रति गोटा	रु. १.५	
ग	१०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा	प्रति गोटा	रु. १.५	
७	तेलको टिनः			
क	१० लिटरभन्दा बढी अट्ने ठूलो	प्रति गोटा	रु. १.५	
ख	१० लिटरभन्दा कम अट्ने सानो	प्रति गोटा	रु. १.५	
ग	थोत्रो टिन लगायतको कवाडी सामान	प्रति के.जी.	रु. १.५	
घ	पुरानो ड्रम	गोटा	रु. ११	
ङ	पुराना कागज (अखबार, न्यूजप्रिन्ट)	प्रति के.जी.	रु. १.५	
च	पुराना अन्य कागज (कार्टुन समेत)	प्रति के.जी.	रु. १.५	

अनुसूची-५

(ऐनको दफा ६ सँग सम्बन्धित)

सवारी साधन करको दर

१	**दर्ता शुल्क**	कायम दर	कैफियत
	इ-रिक्सा दर्ता	५००.००	
	इ-रिक्सा रुट इजाजत शुल्क	१००.००	
२	**वार्षिक कर**		
	इ-रिक्सा	२००.००	

अनुसूची-६

(ऐनको दफा ७ सँग सम्बन्धित)

विज्ञापन कर

१. सुनवल नगरपालिकाले आफ्नो क्षेत्रभित्र तपशिल बमोजिमको विज्ञापन कर लिनेछ।

२. कुनैपनि प्रकारको ब्यबसाय गर्दा नगरपालिकाबाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।
३. नेपाल सरकारको नीति बमोजिम सार्वजनिक स्थलमा विज्ञापन गर्न बन्देज गरेका (मादक पदार्थ, सुर्तिजन्य पदार्थ) जस्ता वस्तुहरुको विज्ञापन गर्न पाईनेछैन।
४. नेपाल सरकारका तर्फबाट हुने जनचेतनामूलक सूचना तथा प्रचार प्रसार समाग्रीहरुमा विज्ञापन कर लिईनेछैन।
५. व्यापार, व्यवसाय वा कार्यालय रहेको स्थानको परिचयपाटीको हकमा विज्ञापन कर लिईनेछैन।
६. स्वीकृती नै नलिई राखिएका विज्ञापन सामाग्री हटाउने र स्वीकृती दिन उपयुक्त ठानिएमा लाग्ने करको शत प्रतिशत बराबर जरिवाना लिई स्वीकृती दिन सकिनेछ।
७. विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वीकृत समयावधी समाप्त भएपछि विज्ञापन गर्ने संस्था वा व्यक्तिले स्वयम तुरुन्त हटाउनु पर्नेछ।

क्र.सं.	विज्ञापन कर	आ.व. २०८१/०८२ को दर	आ.व. २०८२/०८३ को कायम दर	कैफियत
१	होडि बोर्ड नियेन साइन तथा अन्य ठुला विद्युतिय बोर्डहरु (प्रति वर्गफिट वार्षिक)	७८.००	७८.००	
२	ग्लो साइन बोर्ड डी पी एस बोर्ड आदी (प्रति वर्गफिट वार्षिक)	५०.००	५०.००	
३	भित्ते लेखन (प्रति वर्गफिट पटके)	१०.००	१०.००	
४	तुल ब्यानर (प्रति वर्गफिट पटके)	१०.००	१०.००	

अनुसूची-७
(ऐनको दफा ९ सँग सम्बन्धित)
बहाल बिटौरी कर

(क) पर्ति तथा ऐलानी जग्गाको भूमिकर (मालपोत) तथा सो जग्गामा बनेको घरको सम्पत्तिकरको हिसाबले आउने रकमलाई नै बहाल बिटौरी करको रुपमा असुल गरिनेछ।
(ख) नगरपालिकाले निर्माण गरेका संरचनामा साप्ताहिक हाटबजार सञ्चालन गरेवापत बहाल बिटौरी कर संकलन गरिनेछ।

क्र.सं.	शिर्षक	आ.व. २०८१/०८२ को दर (मू.अ कर बाहेक)	आ.व. २०८२/०८३ को कायम दर (मू.अ कर बाहेक)	कैफियत

१	बिसाता पसल	१२०	१२०	
२	**फलफुल एव कृषि उत्पादन**			
	क. टायर गाडा	१८०	१८०	
	ख. जीप	३००	३००	
	ग. ट्रक	८४०	८४०	
	घ. मोटर साइकल	१२०	१२०	
	साइकल	६६	६६	
	साइकल डोको	३०	३०	
३	किराना पसल	१२०	१२०	
४	हरियो साग सब्जी फुटकर	६०	६०	
५	थान कपडा	१२०	१२०	
६	तयारी पोशाक पसल	१२०	१२०	
७	चुरा पसल	६६	६६	
८	जुत्ता पसल	१२०	१२०	
९	डोको प्रति भारी	३०	३०	
१०	माछा पसल	१२०	१२०	
११	फलफुल फुटकर पसल	५४	५४	
१२	प्लाष्टिक भाडा पसल	१२०	१२०	
१३	सुकेको माछा पसल	५४	५४	
१४	सानो काटा - खाद्य सामाग्री	७२	७२	
१५	चिखना / नास्ता पसल	८४	८४	
१६	तोरी तेल पसल	९०	९०	
१७	मिठाइ पसल	१२०	१२०	
१८	सुर्ती पसल	४२	४२	
१९	जुत्ता सिलाउने पसल	४२	४२	
२०	कपाल काट्ने नाइ पसल	१२०	१२०	
२१	बदाम पसल फुटकर	३६	३६	
२२	बिउ बिजन पसल	४८	४८	
२३	फलाम आजार पसल	५४	५४	
२४	कुखुरा प्रति जोडी	१२	१२	
२५	परेवा प्रति जोडी	१२	१२	
२६	धातुको भाडा पसल	१२०	१२०	
२७	प्रचार/विज्ञापन सामाग्री	१२० देखि ३००	१२० देखि ३००	

	पसल			
२८	आलु प्याज पसल	१२०	१२०	
२९	धातु गहना पसल	१२०	१२०	
३०	खसी प्रति गोटा	१३२	१३२	
३१	इलेक्ट्रिक पसल	१२६	१२६	
३२	चाउमिन /मम/ फुल्की /चाट / ठेला कुर्ची राखी बेच्ने पसल	१८०	१८०	
३३	चाउमिन / मम / फुल्की / चाट / पसल कुर्ची विना बेच्ने पसल	६०	६०	
३४	कुचो प्रति गोटा	१.२	१.२	
२५	कुचो पसल	४८	४८	
३६	विभिन्न सामाग्री मर्मत गर्ने पसल	४८	४८	
३७	सेल आइटम पसल	२४०	२४०	
३८	उखु / फलफुलके जुस पसल	१२०	१२०	
३९	चटके -जादु, सर्कस अदि	१२०	१२०	
४०	कुल्फी, आईसक्रिम र बरफ	३०	३०	
४१	मकै पोलेर बेच्ने पसल	१२	१२	
४२	चिया नास्ता / लस्सी पसल	६०	६०	
४३	अन्य सामान	१२ देखि २४०	१२ देखि २४०	

(ग) हाट बजार पसल कर १२ फिट मोहडाका लागि उपरोक्त उल्लेखित दर कायम गरिएको छ। सो भन्दा माथि प्रति फिट रु. १० थप रकम लिईने छ। स्थानीय व्यवसायीहरुलाई १० प्रतिशत छुट हुनेछ। अपाङ्गता भएका स्थानीय व्यक्तिको हकमा यो करमा छुट हुनेछ। उल्लेखित रकममा नियमानुसार थप मू.अ. कर लाग्नेछ।

अनुसूची-८

(ऐनको दफा १० सँग सम्बन्धित)

पार्किङ शुल्क

(क) नगरपालिकाले निर्माण गरेका पार्किङ स्थलहरूमा देहायको दरमा पार्किङ शुल्क लाग्नेछ।

क्र.सं.	सवारी साधन	दर (रू.)	कैफियत
१	साइकल	५	
२	मोटरसाइकल	१०	
३	इरेक्सा/टेम्पो	१५	
४	कार/जीप/भ्यान	२०	

अनुसूची-९

(ऐनको दफा ११ सँग सम्बन्धित)

सेवा शुल्क दस्तुर

(क) फोहोरमैला व्यवस्थापन शुल्क

क्र.सं.	विवरण	आ.व. २०८१/८२ को दर	आ.व. २०८२/८३ को कायम दर
१	होटेल व्यवसाय	२००	२००
२	ठूला उद्योगहरु	३०००	३०००

(ख) सिफारिस दस्तुर/प्रमाणित दस्तुर

चौकिल्ला प्रमाणित दस्तुर				
क्र.सं.	**विवरण**	**आ.व. २०८१/८२**	**आ.व. २०८२/८३**	**कैफियत**
१	५ कठ्ठा सम्मको	२००.००	२००.००	प्रति कित्ताको
२	५ कठ्ठा माथि देखि १० कठ्ठा सम्मको	४००.००	४००.००	प्रति कित्ताको
३	१० कठ्ठा देखि १५ कठ्ठा सम्मके	६००.००	६००.००	प्रति कित्ताको
४	१५ कठ्ठा देखि १ बिगाहा सम्मको	८००.००	८००.००	प्रति कित्ताको
५	१ बिगाह माथि	१५००.००	१५००.००	प्रति कित्ताको
विद्युत लाईन जडान सिफारिस				
क्र.सं.	**शिर्षक**	**आ.व. २०८१/८२**	**आ.व. २०८२/८३**	**कैफियत**

१	घरायसी विद्युत	२००.००	२००.००	
२	कृषि मिटर जडान	२००.००	२००.००	
३	साना उद्योग	३०००.००	३०००.००	
४	मझौला उद्योग	५००.००	५०००.००	
५	ठूला उद्योग	१५०००.००	१५०००.००	
६	इभी चार्जिङ्ग व्यक्तिगत		१०००	
७	इभी चार्जिङ्ग व्यवसायिक		५०००	
सवारी साधन नामसारी सिफारिस दस्तुर				
क्र.सं.	शिर्षक	आ.व. २०८१/८२	आ.व. २०८२/८३	कैफियत
१	बस, ट्रक	१०००.००	१०००.००	
२	जिप, कार	५००.००	५००.००	
३	मोटर साईकल, स्कुटी आदी	३००.००	३००.००	
पेन्सन सिफारिस				
क्र.सं.	**शिर्षक**	**आ.व. २०८१/८२**	**आ.व. २०८२/८३**	**कैफियत**
१	ब्रिटिस / तेस्रो मुलुक	१०००.००	१०००.००	
२	भारतीय	५००.००	५००.००	
३	नेपाली पेन्सनर	३००.००	३००.००	
प्रमाणित दस्तुर				
क्र.सं.	**शिर्षक**	**आ.व. २०८१/८२**	**आ.व. २०८२/८३**	**कैफियत**
१	अविवाहित / विवाहित प्रमाणित	३००.००	३००.००	
२	बसोबास प्रमाणित	३००.००	३००.००	
३	आयश्रोत प्रमाणित	प्रति हजारको १ रुपैया	प्रति हजारको १ रुपैया	विद्यार्थीको हकमा २५ प्रतिशत छुट
४	आदीवासी जनजाति प्रमाणित	३००.००	३००.००	
५	चालचलन प्रमाणित	३००.००	३००.००	
६	जन्म प्रमाणित	३००.००	३००.००	

७	अन्य प्रमाणित	३००.००	३००.००	
८	नाता कायम/नाता प्रमाणित	३००.००	३००.००	
९	नाता कायम/नाता प्रमाणित अंग्रेजी	५००.००	५००.००	
१०	अनुभव प्रमाणित दस्तुर	५००.००	५००.००	
११	नाम थर, जन्म मिति प्रमाणित	५००.००	५००.००	
१२	सिफारिस प्रमाणित दस्तुर	५००.००	५००.००	
१३	फोटो प्रमाणित प्रति फोटो	१००.००	१००.००	

तमसुक प्रमाणित दस्तुर

क्र.सं.	शिर्षक	आ.व. २०८१/८२	आ.व. २०८२/८३	कैफियत
१	५ लाख सम्म	३००.००	३००.००	सो भन्दा माथि प्रतिलाखके १००

घर बाटो प्रमाणित दस्तुर

१	मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनका लागि तोकेको मुल्याङ्कन दरका आधारमा बिक्री गर्न चाहेको क्षेत्रफलको जग्गाको मुल्याङ्कन रकमको ०.२ प्रतिशत रकम सिफारिस दस्तुर लाग्नेछ। न्यूनतम सिफारिस प्रति कित्ता रु. १०००/- लाग्नेछ तर अंशबण्डा र अंश भर्पाईको लागि न्युनतम सिफारिस दस्तुर प्रति कित्ता रु १०००/- मात्र लाग्नेछ।

अन्य सेवा शुल्क, दस्तुर

क्र.सं.	शिर्षक	आ.व. २०८१/८२	आ.व. २०८२/८३	कैफियत
१	निजी विद्यालय स्थापना अनुमति	५००.००	५०००.००	
२	सरुवा अनुमति दस्तुर	१०००.००	१०००.००	
३	कक्षा स्तरोन्नति सिफारिस दस्तुर संस्थागत	५०००.००	५०००.००	
४	कक्षा स्तरोन्नति सिफारिस दस्तुर सामुदायिक	१०००.००	१०००.००	
५	परीक्षा शुल्क			नगर शिक्षा समितिको निर्णयाअनुसार
६	लब्धांक पत्र पुनर्योग दस्तुर	१००.००	१००.००	
७	लागत अनुमान तयारी दस्तुर (अन्य निकाय)			लागत अनुमानको ०.०५ प्रतिशत

८	अन्य सर्जमिन दस्तुर	५००.००	५००.००	
९	घरभाडा रोहवर / सर्जमिन	५००.००	५००.००	
१०	जग्गा छुट्टाउने दस्तुर	१०००.००	१०००.००	
११	घर बाटो प्रमाणित फिल्ड निरीक्षण दस्तुर	५००.००	५००.००	
१२	जग्गा रोक्का सिफारिस	५००.००	५००.००	
१३	भारत बैकमा खाता खोल्ने सिफारिस दस्तुर	५००.००	५००.००	
१४	निवेदन / टिकट	१०.००	१०.००	
१५	निर्माण व्यवसायी र पेट्रोलियम पदार्थ दर्ता सिफारिस	५०००.००	५०००.००	
१६	नेपाली नागिरकता सिफारिस	५०.००	५०.००	
१७	नेपाली नागिरकता सिफारिस प्रतिलिपि	५०.००	५०.००	
१८	अचल सम्पत्ति मुल्यंङ्कन दस्तुर (यसरी गरिएको मुल्याङ्कन सम्पत्ति कर असुलीका लागि ३ वर्ष सम्म कायम गरिनेछ ।)	प्रति हजारको १ रुपैया	प्रति हजारको १ रुपैया	विद्यार्थीको हकमा २५ प्रतिशत छुट
१९	अंग्रेजीमा गरिने सिफारिस	५००.००	५००.००	
२०	आवादी जग्गाको रुख कटान सर्जमिन	१०००.००	१०००.००	
२१	आवादी जग्गाको रुख कटान सिफारिस	प्रति टेक्टर रु ५००.००	प्रति टेक्टर रु ५००.००	
२२	भारत देश जाने राहदानी सिफारिस	५००.००	५००.००	
२३	घटना दर्ता विलम्व शुल्क	५०.००	२००	३५ दिन भित्र दर्ता हुन आएमा नि शुल्क
२४	घटना दर्ता प्रमाणपत्र प्रतिलिपी	५००.००	५००.००	
२५	घर सारको सिफारिस	२५०.००	२५०.००	नगरपालिका भित्र
२६	घर सारको सिफारिस	५००.००	५००.००	नगरपालिका बाहीर जिल्ला

				भित्र
२७	घर सारको सिफारिस	७५०.००	७५०.००	जिल्ला बाहिर
२८	वन पैदवार खरिद सिफारिस	प्रति क्यू फिट रु. १०.००	प्रति क्यू फिट रु. १०.००	
२९	जग्गा दर्ता सिफारिस	प्रति धुरको रु. २५०.००	प्रति धुरको रु. २५०.००	
३०	जग्गा नामसारी सिफारिस	प्रति कठ्ठाको रु.१०.००	प्रति कठ्ठाको रु.१०.००	नयुनतम रु. ३००
३१	घर जग्गा कर	नियमानुसार	नियमानुसार	
३२	सिफारीस प्रतिलिपी दस्तुर	१००.००	१००.००	
३३	मार्कसिट प्रतिलिपि दस्तुर	३००.००	३००.००	
३४	खा.पा. धारा जडान, टेलिफोन सिफारिस	१००.००	१००.००	
३५	मोही जग्गाको लगत कट्टा सिफारिस	५००.००	५००.००	
२६	पुस्ता कायम सिफारिस	२००.००	२००.००	
३७	व्यवसायके पुँजी बध्दि दस्तुर	प्रति लाखको १००.००	प्रति लाखको १००.००	
३८	प्रतिलिपि जग्गा धनि प्रमाण पुर्जा सिफारिस साथै संशोधन सफारिस	२००.००	२००.००	
३९	अदालत सम्वन्धी सिफारिस	२००.००	२००.००	
४०	व्यवसाय लगत कट्टा सिफारिस	२००.००	२००.००	
४१	शिक्षक सरुवा सहमती सिफारिस दस्तुर	२०००.००	२०००.००	
४२	फिराद पत्र तथा पत्र प्रतिउत्तर दस्तुर			
४३	शिक्षक नियुक्ति अभिलेखिकरण दस्तुर	१५००.००	१५००.००	
४४	पदपुर्ति आवेदन दस्तुर			लोक सेवा आयोगको दर बमोजिम

४५	अन्य उल्लेख नभएका सिफारिस दस्तुर	३००.००	३००.००	
दरभाउ पत्र बोलपत्र प्रति फाराम दस्तुर				
१	शिलवन्दी दरभाउ पत्र	१०००.००	१०००.००	अन्यको हकमा सार्वजनिक खरिद एन नियम बमोजिम

भवन निर्माण अनुमति तथा नक्सापास दस्तुर

सुनवल नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम भवन निर्माण अनुमति तथा नक्सा पास दस्तुर कायम गरिएको छ।

क्र.सं.	विवरण	आ.व. २०८१/८२ को दर	आ.व. २०८२/०८३ मा कायम दर	कैफियत
१	निवेदन	५००.००	५००.००	
२	सर्जमिन दस्तुर	१,०००.००	१,०००.००	
३	नक्सापास फाराम बिक्री	५००.००	५००.००	
४	घर नक्सा नामसारी दस्तुर	१,०००.००	१,०००.००	
५	आवास प्रयोजनका पूर्वाधारको नक्सापास दस्तुर (प्रति वर्गफिट)	५.००	५.००	
६	व्यवसायिक प्रयोजन र राजमार्ग तथा बजार क्षेत्रका पूर्वाधारको नक्सापास दस्तुर (प्रति वर्गफिट)	६.००	६.००	
७	औद्योगिक प्रयोजनका लागि बनेका पूर्वाधारको नक्सापास दस्तुर (प्रति वर्गफिट)	५.००	६.००	
८	पर्खाल (प्रति रनिङ फिट)	५.००	५.००	
९	ट्रस (प्रति वर्गफिट)	३.००	३.००	
१०	अस्थायी टहरा, कृषि प्रयोजनका लागि निर्मित पूर्वाधार, टिन, टायलको छानो भएको घर (प्रति वर्गफिट)	२.००	२.००	
११	अमिन दस्तुर	१,०००.००	१,०००.००	प्रति कित्ताको

१२	नक्सा प्रमाणित दस्तुर	१,०००.००	१,०००.००	

घर नक्सा डिजाईन गरे वापत कन्सल्टेन्सी फर्मले रु. १०००/- वर्ग फिट सम्मको बढीमा रु. ५,०००.००/- र सो भन्दा माथि प्रति वर्गफिट रु. ३.००/- (थप) भन्दा बढी सेवा शुल्क लिन पाईने छैन।

साविक गा.वि.स. का पालामा बनेका घरहरुलाई नियमित गर्ने तोकिएको समय सीमाभित्र नियमित नगर्नेलाई नक्सापास दस्तुरको १० प्रतिशतका दरले जरीवाना लगाईने छ।

अनुसूची-१०

(ऐनको दफा १३ सँग सम्बन्धित)

रोयल्टी रकम

(क) ढुङ्गा गिट्टी बालुवाको रोयल्टी			
क्र.सं.	**विवरण**	**आ.व. २०८१/०८२ मा कायम दर**	**आ.व. २०८२/०८३ मा कायम दर**
१.	**ढुङगा गिट्टी बालुवा**	रु. २१.५० प्रति घनफुट (मू.अ. कर बाहेक) (आ.व. २०८०/८१ मा कायम हुन आएको प्रतिष्पर्धात्मक दरलाई नै न्यूनतम दर कायम गरिएको)	रु. २१.५० प्रति घनफुट (मू.अ. कर बाहेक) (आ.व. २०८१/८२ मा नदिजन्य पदार्थ ठेक्का नलागेकोले पहिलेको दरलाई नै न्यूनतम दर कायम गरिएको।)
(ख) निजी जग्गामा माटो उत्खनन् अनुमति दस्तुर			
क्र.सं.	**विवरण**	**आ.व. २०८१/०८२ मा**	**आ.व. २०८२/०८३ मा**
१.	व्यवसायिक प्रयोजनका लागि	रु. १/- प्रति घनफुट	रु. १/- प्रति घनफुट
२.	एकै व्यक्तिको जग्गाबाट उत्खनन् गरी सोहि व्यक्तिको जग्गामा प्रयोग	रु. ०.५ प्रति घनफुट	रु. ०.५ प्रति घनफुट

	गर्ने प्रयोजनका लागि		
(ग) वन पैदावार विक्री आयमा कर			
१.	सामुदायिक वन उपभोक्ता समितिहरुले वनपैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम स्थानीय सरकार सञ्चालन ऐन बमोजिम नगरपालिकाको संचित कोषमा दाखिला गराउनु पर्नेछ।		

अनुसूची-११

(ऐनको दफा १५ सँग सम्बन्धित)

दण्ड जरिवाना

(क) नदीजन्य पदार्थको चोरी निकासी गरेमा दण्ड जरिवाना			
क्र.सं.	**विवरण**	**कायम दर**	**कैफियत**
१	टयाक्टर	६०,०००.००	
२	टिप्पर/हाइबा	१००,०००.००	
३	ब्याक्हु लोडर, जेसिभी	२००,०००.००	

(ख) निजी जग्गामा माटो उत्खनन् अनुमति नलिई ढुवानी गरेमा दण्ड जरिवाना			
क्र.सं.	**विवरण**	**कायम दर**	**कैफियत**
१	टयाक्टर	५,०००.००	
२	टिप्पर	१५,०००.००	
३	हाइबा	२५,०००.००	

नदीजन्य पदार्थकोको चोरी निकासीको जरिवाना एक पटकको लागि माथी उल्लेखित जरिवाना रकम लाग्नेछ र दोश्रोपटकदेखि उक्त जरिवानाको दोब्बर दस्तुर लाग्नेछ। सूचना दिने र नियन्त्रणमा लिई कार्यालयमा बुझाउनेलाई प्रोत्साहन स्वरुप जरीवाना रकमको १० प्रतिशत उपलब्ध गराईने छ।

निजी माटो उत्खनन् अनुमति नलिई ढुवानी गरेकोमा उक्त माटो निजी जग्गाबाट उत्खनन् भएको हो भन्ने सम्बन्धित वडाको स्थलगत सर्जमिनबाट यकीन भएमा सोहि बमोजिम जरिवाना गरिनेछ। अन्यथा नदीजन्य पदार्थ चोरी निकासी गरेमा हुने दरले जरिवाना रकम असुल गरिनेछ।